सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम प्रकाशन गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः प्रदेश नीति तथा योजना आयोग वागमती प्रदेश

सूचना सार्वजनिक गरेको अवधिः वि.सं. २०७७ साल श्रावण १ देखि २०७८ आषाड मसान्त सम्म ।

१.प्रदेश नीति तथा योजना आयोगको स्वरुप र प्रकृतिः

नेपालको संविधानको कार्यान्वयन मार्फत प्रदेशको संमृद्धि एवं सन्तुलित र दिगो विकासको कार्यलाइ तिव्रता दिन अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजिकरण अनुगमन तथा मुल्याङ्कन गरी प्रदेश सरकारलाइ सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टिकृत निकायका रुपमा प्रदेश नीति तथा योजना आयोगको गठन प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसंचालन) आदेश २०७५ ले व्यवस्था गरेको र सोहि आदेश अनुरुप प्रदेश नीति तथा योजना आयोगको सचिवालय वि.सं. २०७५ साल असार १ गते स्थापना भएको छ ।यस आयोगले प्रदेशको नीति योजना संवन्धमा दिशा निर्देश गर्दछ र अनुगमन तथा मुल्यांकनको कार्यहरु गर्दै आएको छ ।

२. प्रदेश नीति तथा योजना आयोगका कामहरुः

- प्रचलित कानुन बमोजिमका काम कर्तब्य, अधिकारका अतिरिक्त आयोगको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था

क) दीर्घकालीन सोच,तथ्यपरक नीति तथा योजना

- प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य,मार्ग चित्र, नीति तथा योजना तर्जुमा गरि कार्यन्वयनका लागि सिफारिस गर्ने |

- आर्थिक विकास,सामाजिक विकास,भौतिक पुर्बाधर.जलस्रोत तथा उर्जा,अन्य प्राकृतिक स्रोत मानव स्रोत ब्यबस्थापन,सुशासन र ब्यबस्थापन लगायतका क्षेत्रमा रणनीति,नीति तथा योजना तयार गर्ने |

- सम्बन्धित मन्त्रालय तथा निकायसंगको समन्वयमा प्रदेशस्तरका नया बिकाश
    - आयोजनाको लेखाजोखा,पूर्व मुल्यांकन तथा परिक्षण समेत गरि परामर्श दिने |
- लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने गराउने |
- प्रदेशमा रहेका स्रोतको अनुमान प्रक्षेपण र वितरण , आयोजनाको आर्थिक ,सामाजिक वित्तीय , प्राबिधिक र वाताबरण विश्लेषणको लागि प्रदेश मापदण्ड तयार गर्ने गराउने ।
- अध्यन,अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाइ अवलम्वन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा सो को कार्यान्वयन समन्वय र सहजीकरण गर्ने ।
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,
- प्रदेश तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी विकास, संचालन ,समन्वय र सहजीकरण गर्ने ।
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्यांक प्रणालीको विकास र सम्प्रेषण गर्ने, गराउने ।

ख अनुगमन तथा मुल्यांकन

- प्रदेश विकास संवन्धी नीति, योजना,कार्यक्रम तथा आयोजनाको कार्यान्वयन,प्रतिफल तथा प्रभावके विश्वसनिय र प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाइ प्रदेश सरकारको विभिन्न निकायहरुमा लागु गरी संस्थागत गराउने ,
- मूल्यांकनका लागि आवस्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयगतक्षेत्र नीति र प्राथमिकता प्राप्त कार्याक्रम तथा आयोजनाको प्रभाव, मुल्यांकन गर्ने गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने
- अनुगमन तथा मुल्यांकनको विषयमा सरकारी सार्वजनिक स्वतन्त्र मुल्यांकनकर्ता तथा विषयगत पेशागत संघ संस्था नागरिक समाज र विकासका साझेदारविच संजालको विकास र यस संवन्धी अनुभवकाव आदानप्रदान गरी विशेषज्ञताको विकास गर्ने गराउने

ग तहगत समन्वय

- प्रदेश र स्थानिय तहको विकास सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

घ अध्ययन अनुसन्धान तथा अन्वेषण

- प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाको विभिन्न पषका विषयमा स्वतन्त्र विज्ञ व्यक्ति,निकाय वा संस्थावाट सोध तथा अनुसन्धन गर्ने गराउने र तत्संवन्धी प्रणालीको विकास गर्ने ।
- प्रज्ञिक, सर्वजनिक, निजी क्षेत्रतथा गैर सरकारी क्षेत्रको साझेदारिमा नीति तथायोजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने ,
- आर्थिक विकास, सामाजिक विकास,भौतिक पूर्वाधार,जलश्रोत, उर्जा,प्राकृतिक श्रोत व्यवस्थापन, सुशासन,व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना,ढांचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफरिस गर्ने ।

३. प्रदेश नीति तथा योजना आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरणः राजपत्राङ्कित प्रथम श्रेणीको सचिव को नेतृत्वमा रहने यस कार्यालयमा अधिकृत स्तरका १० जना, सहायक तथा श्रेणी विहीन गरी जम्मा १२ सहित कूल २२ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । हाल ११ जना कर्मचारीहरु करार समेतका कार्यरत रहेका छन । यस आयोगमा जम्मा २ वटा महाशाखाहरूको व्यवस्था गरेको छ । ती महाशाखाको कार्यविवरण निम्न बमोजिम रहेको छ ।

क. प्रशासन ,आर्थिक व्यवस्थापन,अनुगमन तथा मुल्याङ्कन महाशाखाः आयोगको र सचिवालयको आर्थिक, प्रशासनिक र अन्य व्यवस्थापकीय कार्यहरु एवं अनुगमन तथा मुल्यांकन कार्यहरु यस महाशाखाले गर्दछ

ख. विकाश व्यवस्थापन तथा समन्वय महाशाखाः प्रदेश नीति तथा योजना आयोगको देहायका कार्यहरु यस महाशाखाले गर्दछ ।

- विकास योजना तर्जुमा,कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्ने ।
- क्षेत्रगत योजना तर्जुमा,कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्ने ।
- स्थानिय तह तथा संघिय सरकार संग समन्वय गर्ने ।
- वार्षिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकन गर्ने ।

माथि उल्लेखित विभिन्न दुइवटा महाशाखाहरुको कार्यसम्पादनलाई सहज बनाउन देहायका शाखाहरुरहेकाछन्ः-

प्रशासन शाखाः यस शाखा अन्तर्गत आन्तरीक प्रशासन ,भण्डार र दर्ता चलानी इकाइ रहेका छन् ।

आर्थिक प्रशासन शाखाः आर्थिक प्रशासन संवन्धी कार्य

निजी सचिवालय शाखाः

योजना समन्वय शाखा

- विकास योजना तर्जुमा,कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्ने ।
- क्षेत्रगत योजना तर्जुमा,कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्ने ।
- स्थानिय तह तथा संघिय सरकार संग समन्वय गर्ने ।
- वार्षिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकन गर्ने

४. प्रदेश नीति तथा योजना आयोगवाट प्रदान गरिने सेवाः बिकास नीति योजना संवन्धमा परामर्श दिने कार्य र स्थानिय तहको योजना निर्माणमा सहजीकरण एवं अनुगमन मुल्याङ्कन गर्ने ।

माथि बुँदा २ मा उल्लेखित आयोगका कामका माध्यमबाट सेवा प्रदान गरिन्छ ।

५. प्रदेश नीति तथा योजना आयोग रहेका क्षेत्र , शाखा र जिम्मेवार अधिकारीः आयोग हाल मकवानपुर जिल्लाको हेटौडामा सचिवालय रहेको छ । संगठन संरचना अनुसार उपाध्यक्ष र महिला सदस्य सहित ५ जना पदाधिकारी र १० जना अधिकृत स्तरका कर्मचारी रहनेव्यवस्था रहेको छ । ती क्षेत्र र शाखाहरुको जिम्मेवारी देहायबमोजिम पदाधिकारी

तथा कर्मचारीहरुले सम्हाल्ने गरी जिम्मेवारी दिई कार्यसञ्चालन गरिएको छ।.
**२०७७/२०७८मा कार्यरत पदाधिकारी तथा कर्मचारी हरुको विवरण**

| | नामथर | पद | जिम्मेवार शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री श्याम कुमार वस्नेत | का.वा.उपाध्यक्ष | योजना आयोगको संपुर्ण कार्यपर्यटन वन वातावरण,भुमि व्यवस्था कृषि तथा सहकरी | **२०७८/०५/ ०२ देखि पद मुक्त** |
| २. | श्री प्रा.डा. रामचन्द्र ढकाल | सदस्य | आन्तरिक मामिला तथा कानुन,उध्दयोग भौतिक पूर्वाधार विकास मन्त्रालय आर्थिक मामिला तथा योजना मन्त्रालय | **२०७८/०५/ ०२ देखि पद मुक्त** |
| ३. | श्री डा.यमुना कंडेल | सदस्य | सामाजिक विका मन्त्रालय | **२०७८/०५/ ०२ देखि पद मुक्त** |
| ४. | श्री डण्डुराज घिमिरे | सदस्य सचिव | सदस्य सचिव एवं व्यवस्थापकिय निर्देशन | |
| ५ | श्री हरिहर पोखरेल | उपसचिव | योजना आयोगको व्यवस्थापकिय कार्य | |
| ६. | चिरन्जिवी प्र. पौडेल | शा. अ. | प्रशासन ,भन्डार र योजना संवन्धी समग्र | ९८४५०२८५ ३१ |
| ७ | श्री विना थापा | अधिकृत छैटौ | आर्थिक प्रशासन | |

| | | | |
|---|---|---|---|
| ८ | श्री राजु मैनाली | अधिकृत छैटौ | भण्डार शाखा तथा अनुगमन |
| ९ | सुदिप खुलाल | कम्प्युटर अपरेटर | कम्प्युटर कार्य |

स्थानिय विकास तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय योजना आयोग वाट

| | | | |
|---|---|---|---|
| १ | श्री पुरुषोत्तम अर्याल | पोषणविज्ञ प्रदेश संयोजक | खाद्य सुरक्षा तथा पोषण कार्याक्रम |

विज्ञ सेवा

| | | | |
|---|---|---|---|
| १ | श्री पुष्कल श्रेष्ठ | विज्ञ | आवधिक योजना तथा अन्य कर्यमा विज्ञ प्रदान |

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

यस आयोगबाट प्रदान हुने सेवाको लागि दस्तुर लाग्दैन ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारः

आन्तरिक प्रशासनिक र अन्य विषयको निर्णय सम्बन्धित शाखाबाट पेश हुने टिप्पणीमा सचिवस्तरबाट निर्णय हुन्छ । योजना स्वीकृती संवन्धी टिप्पणीमा संवन्धित शाखा वाट पेश हुने र सचिव हुदै सदस्य हुदै उपाध्यक्षवाट निर्णय हुन्छ । मन्त्रिपरिषद्मा प्रस्ताव पठाउनुपर्ने विषयमा यस आयोगको अनुरोधमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा मन्त्रिपरिषद्मा पेश भई त्यहाँबाट निर्णय गरिने व्यवस्था रहेको छ

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

नियमित सेवा प्रवाह र आन्तरिक प्रशासनिक विषयको निर्णयमा चित्त नवुझे सोको सुनुवाई सचिववाट हुने ।

९. सम्पादन गरेको कामको विवरणः

यस कार्यालयबाट यस अवधिमा सम्पादन भएका मुख्य मुख्य कामहरु देहायबमोजिम उल्लेख गरिएको छः

- प्रदेशको जर्नल प्रकासित गरेको ।
- आयोगको नियमित बैठक बसेको ।
- आयोगका उपाध्यक्षको अध्यक्षतामा सवै मंत्रलयका सचिवहरुसंगको बैठक वसि योजनाका वारेमा छलफल गरेको ।
- २० वटा स्थानिय तहहरुको आवधिक योजना तयार पार्ने क्रममा सो संवन्धी कार्यशाला गोष्ठि संचालन गरेको ।
- २० वटा स्थानिय तहहरुको आवधिक योजना तयार पार्ने क्रममा शुरु देखि अन्तिम प्रकृया सम्म सहभागिता भएको ।
- प्रत्येक चौमासिकमा प्रदेश विकास समस्या समाधान समितिको वैठक तथा चोमासिक प्रगति समिक्षा गरेको ।
- विभिन्न स्थानिय तहहरुमा खाद्यसुरक्षा तथा वहुक्षेत्रीय पोषण कार्य्रमको समिति गठन गरिएको

१०. प्रदेश नीति तथा योजना आयोगका सचिव, प्रवक्ता र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बरः

| क्र.सं. | नामथर | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|
| १. | श्री डण्डुराज घिमिरे | सचिव | | |
| २. | श्री हरिहर पोखरेल | प्रवक्ता | ९८५५० ८८३६८ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | चिरन्जिवी प्र.पौडेल | सूचना अधिकारी | ९८५५० ७८१३१ | chiranjibihtd@gmail.com |

११. ऐन, नियम, विनियम तथा निर्देशिकाको सूचीः यस कार्यालयको नियमित कार्यसम्पादनका लागि आकर्षित हुने मुख्य कानूनी तथा नीतिगत प्रावधान देहाय बमोजिम उल्लेख गरिएका छन्ः

- प्रदेश नीति तथा योजना आयोग [गठन तथा कार्य }संचालन आदेश २०७५
- निजामति सेवा ऐन २०४९
- सार्वजनिक खरिद ऐन, २०६३
- आर्थिक कार्यविधि ऐन, २०५५
- करार ऐन, २०५६
- सुशासन नियमावली, २०६५
- सुचनाको हक सम्बन्धी नियमावली, २०६५
- निजामति सेवा नियमावली, २०५०
- सार्वजनिक खरिद नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०५६
- कारागार नियमावली, २०२०
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७२
- नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४
- सेवा करार निर्देशिका,
- प्रदेश वाट जारी ऐन नियम

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः यस कार्यालयको आर्थिक बर्ष २०७७।७८ को श्रावण देखि प्राप्त निकासा तथा खर्च विवरण तपसिलमा उल्लेख गरिएको छ ।

(रु.हजारमा)

| ब.उ.शि.न. | श्रोत | बार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| (चालु खर्च) | नेपाल सरकार | | | | |
| (चालु खर्च) प्रशासनिक खर्च समेत | नेपाल सरकार | ४०२०३ | १४९५९ | १४९५९ | २५२४४ |
| पूँजीगत खर्च | नेपाल सरकार | ८३५० | १४०९ | १४०९ | ६९४१ |
| जम्मा | | | | | |

१३. सार्वजनिक निकायको वेभसाइटः **pppc.bagamati.gov.np**

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः यस प्रदेश नीति तथा योजना आयोगको गत आ.व.मा भएको कार्यक्रम देहाय वमोजिम रहेको छ ।

१५. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरणः

यस आयोगको आफ्नै वेवसाइट र इमेल छ pradeshyojanahtd@gmail.com मा गएर यस कार्यालयको सूचना र अन्य महत्वपूर्ण जानकारीहरु हेर्न सकिन्छ ।

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः नभएको ।

१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः यस कार्यालयबाट प्रदान गरिने सेवा सम्बन्धी सार्वजनिक सरोकारका सूचनाको वर्गीकरण हालसम्म नभएको ।

१८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः यस अवधिमा कुनै पनि निवेदन नपरेको ।

१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः यस कार्यालयको सूचना तथा जानकारीहरु कार्यालयको वेवसाइट मार्फत नियमित रुपमा सार्वजनिक गर्ने गरिएको, महत्वपूर्ण औपचारिक कार्यसम्पादन भएकोमा प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गर्ने गरिएको ।

२०. यस आयोगले आ.व. २०७७/७८ मा भएकोले  प्रगति प्रतिवेदन देहाय वमोजिम भएको ।

वार्षिक प्रगति समीक्षा नीति आयोग.pdf

हाल सम्मको  प्रगति प्रतिवेदन संलग्न छ ।